स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार दीपकराज गिरीले सामाजिक सञ्जालमा हुने असहिष्णु टिप्पणीप्रति आफ्नो असन्तुष्टि व्यक्त गरेका छन्। सरकारका काम( कारबाहीबारे आफ्ना धारणा राख्दा आउने प्रतिक्रियाले निष्पक्ष विचार व्यक्त गर्न गाह्रो भएको उनले औँल्याएका हुन्। फेसबुकमा पोस्ट गर्दै गिरीले लेखेका छन्, "सरकारले गरेको गलत कामको विरोधमा लेख्नुस्, भोले ! सरकारले सुरुवात गरेको राम्रो कामको समर्थनमा लेख्नुस्, घन्टे !"

**आजको विचार...**



समृद्ध...
*(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल



फिल्म "द राइज अफ साम्राज्य"को मुख्य भूमिकामा अभिनेता सौगात मल्ल देखिने भएका छन्। डार्क हर्स इन्टरटेन्मेन्टले सौगातसँग अभिनय सम्झौता फिल्ममा भित्र्याएको हो। चर्चित उपन्यासकार बुद्धिसागरको कथा र पटकथा लेखेका रहेको फिल्म "एपिक एक्सन ड्रामा"मा बन्न लागेको हो। आगामी भदौको पहिलो साताबाट छायांकन सुरु हुने फिल्मको ७० दिन छायांकन तालिका रहेको छ। फिल्म अधिकांश पूर्वी नेपालमा खिचिनेछ।

❒ वर्ष ३२ ❒ अंक २५ ❒ २०८३ साउन २५ गते सोमबार 10 August 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# सात महिनाको सम्झौता, दुई वर्षमा सकिएन

**राष्ट्रिय समाचार समिति ——**
**बागलुङ,** साउन २४/ निर्माण व्यवसायीको चरम लापरवाही बागलुङ जिल्ला सदरमुकामको एक राजमार्गमा देखिएको छ । बागलुङ बजारको रामरेखादेखि उपल्लाचौरसम्मको जम्मा दुई किमी सडक दुई वर्षमा पनि सकिएको छैन ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गको बाङ्गेचौरदेखि उपल्लाचौरसम्मको दुई किमी सडक सात महिनामा सक्नेगरी सम्झौता भएकामा दुई वर्ष बित्न लाग्दा पनि अझै सडक कालोपत्र भएको छैन । दुई किलोमिटर १०० मिटर सडक स्तरोन्नतिसहित कालोपत्र सम्पन्न गर्नेगरी २०८१ फागुनमा २०८२ भदौ १५ गते सम्पन्न गर्नेगरी काम थालिए पनि ठेकेदारको ढिलासुस्तीले काम काम नसकिएको हो । सडक डिभिजन कार्यालयअन्तर्गत ठेक्कामा लगाइएको



उक्त सडकमा बेस र कालोपत्र गर्न अझै बाँकी छ ।

रु छ करोड ७२ लाख ६५ हजारमा ठेक्का सम्झौता गरेर एचसिबीजिसीएस कम्पनीले काम गरे पनि अझै सम्पन्न गर्न नसकेको हो । विसं २०८२ भदौ १५ मा काम नसकिएपछि पहिलोपटक २०८३ असार मसान्तसम्म म्याद थपिएकामा उक्त समयमा समेत काम नसक्दा सरकारको खरिद संशोधनअन्तर्गत नै २०८३ असोज मसान्तसम्म म्याद थपिएको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी विष्णु लामिछानेले जानकारी दिए । सडक निर्माणको दुई वर्ष बित्नैलाग्दा समेत ८० प्रतिशत भौतिक प्रगति रहेको छ ।

"तत्कालका लागि १२ मिटर चौडाको दुई लेन सडकमा नाली निर्माण, टेवा पर्खाल लगाउने र कल्भर्ट बनाउने र सवबेस बनाउने काम सकिएको छ, निर्माण व्यवसायीले विभिन्न समस्या देखाउँदै काम गर्न ढिलाइ गरेकाले अब बेस र कालोपत्रको काममात्रै बाँकी छ", इन्जिनियर लामिछानेले भने । अस्फाल्ट कङ्क्रिटबाट सडक कालोपत्र गरिने तयारी छ । अस्फाल्ट कङक्रिटबाट सडक कालोपत्र गर्दा लामो समय टिकाउ हुने र बर्सेनि सडक मर्मत र खाडल पुर्नुपर्ने झन्झटबाट केही हदसम्म मुक्ति मिल्ने लामिछानेको भनाइ छ । निर्माण कम्पनीका प्रतिनिधि सुरेश श्रेष्ठले बिटुमिनको अभाव र पेट्रोलियम पदार्थको मूल्यवृद्धिले कालोपत्रको काम गर्न नसकिएको बताए । सडक संरचनाको सबै काम सकिएकाले थपिएको समयमा पर्याप्त मजदुर र उपकरण प्रयोग गरेर कालोपत्रको काम सम्पन्न हुने श्रेष्ठले बताए । सडक मापदण्डमा परेका घरटहरा, जग्गा जमिन र विभिन्न संरचनाका कारण यहाँ लामो समयदेखि स्तरोन्नतिको काम रोकिएको थियो । लोकमार्ग विस्तार गर्दा घरघडेरी क्षति हुँदा उठिबास हुने भन्दै प्रभावित क्षेत्रका बासिन्दाले सैर्ष समिति नै बनाएर सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सडक विस्तार र कालोपत्रको काम हुनसकेको थिएन ।

सर्वोच्चले बाङेचौरदेखि उपल्लाचौरको बुर्तिवाङ चोकसम्म १५ मिटर बाटो कायम गरिदिएपछि स्तरोन्नतिको काम अघि बढेको थियो । सडक स्तरोन्नति नहुँदा दुर्घटनाको जोखिम बढ्नुका साथै खाल्डाखुल्डीले सवारीसाधन आवागमनमा असहज भइरहेको छ ।

## संक्षिप्त समाचार

### बस दुर्घटनामा २१ को मृत्यु, ३७ घाइते

**(रासस/सिन्ह्वा) ——**
**नियामे, साउन २४/**पश्चिमी नाइजरमा दुई यात्रुवाहक बस आपसमा ठोक्किँदा कम्तीमा २१ जनाको मृत्यु भएको छ भने ३७ जना घाइते भएका छन् । नाइजर समाचार एजेन्सी (एएनपी) का अनुसार दुर्घटना माडाउवा सहरबाट करिब ५५ किलोमिटर टाढा माराडी-माडाउवा सडकखण्डमा भएको हो ।

दुर्घटनामा परेका दुई बसमध्ये एउटामा सैनिक जवानहरू सवार रहेको बताइएको छ । घाइतेहरूको उपचार भइरहेको तथा दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरिएको एएनपीले जनाएको छ । नाइजरमा सडक दुर्घटना बढिरहेका बेला पछिल्लो घटना भएको हो । तीव्र गति, मादकपदार्थ सेवन गरी सवारी चलाउनु तथा सवारीसाधन र सडकको खराब अवस्थालाई यहाँ हुने सडक दुर्घटनाका प्रमुख कारण मानिन्छ । नाइजर सडक सुरक्षा एजेन्सीको प्रतिवेदन उद्धृत गर्दै एएनपीले सन् २०२५ मा देशभर सात हजार एक सयभन्दा बढी सडक दुर्घटना भएको जनाएको छ । ती दुर्घटनामा एक हजार २०० भन्दा बढीको मृत्यु तथा चार हजार ४०० भन्दा बढी गम्भीर घाइते भएका थिए ।

# पूर्वनगरप्रमुख सिंह मृत फेला



**कपिलवस्तु,** साउन २४/ कपिलवस्तु नगरपालिकाका पूर्वमेयर किरण सिंह मृत अवस्थामा भेटिएका छन् । तीन दिनदेखि सम्पर्कविहीन रहेका सिंहको शव कपिलवस्तुको गोरुसिङ्गे जंगल क्षेत्रमा फेला परेको हो ।

शुक्रबार साँझ साढे ५ बजेदेखि उनी सम्पर्कविहीन भएका थिए । उनी हराएको स्थानदेखि ६/७ सय मिटर उत्तरतिर शव फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक दीपक कुँवरले बताए । स्थानीयले खोजी गर्ने क्रममा आइतबार १२ बजेतिर शव फेला पारेका थिए । शुक्रबार साँझबाटै उनको खोजी भइरहेको थियो । उनको खोजीका लागि नेपाल प्रहरीले विशेष तालिमप्राप्त कुकुर परिचालन गर्नुका साथै ड्रोनबाट समेत खोजी गरेको थियो । अन्तत: सिंहको शव सोही जंगल क्षेत्रभित्र फेला परेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको कपिलवस्तु प्रहरीले जनाएको छ । कपिलवस्तु नगरपालिका वडा नं ३, ढेवानगढिया निवासी ६५ वर्षे सिंह २०७४ मा कांग्रेसबाट नगर प्रमुख पदमा विजयी भएका थिए । घटनाबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

# तानसेनमा एकदिने लायन्स नेतृत्व विकास कार्यक्रम

**पाल्पा,** साउन २४/ जिल्लाको तानसेनमा एकदिने लायन्स नेतृत्व विकास कार्यक्रम भएको छ । लायन्स क्लब अफ श्रीनगर, लायन्स क्लब अफ तानसेन सिटी र पाल्पा रानीमहल लायन्स क्लबको संयुक्त आयोजनामा लायन्स क्लबमा आबद्ध सदस्यहरूको नेतृत्व क्षमता अभिवृद्धि, संस्थागत अनुशासन, प्रभावकारी सञ्चार तथा जिम्मेवारी निर्वाह गर्ने क्षमता विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

४० जना लायन्स सदस्यहरूको सहभागिता रहेको कार्यक्रममा संस्थाको इतिहास, वर्तमान गतिविधि, नेतृत्वको भूमिका तथा क्लबका विभिन्न औपचारिक प्रक्रिया र कार्यशैलीबारे जानकारी गराइएको थियो । लुम्बिनी प्रदेशका सभासद् तथा पूर्व स्वास्थ्यमन्त्री खेमबहादुर सारु र पाल्पा रानीमहल लायन्स क्लबका संस्थापक अध्यक्ष गंगाबहादुर खत्रीले



कार्यक्रममा सहजीकरण गरेका थिए । उनीहरूले लायन्स क्लबको उद्देश्य, नेतृत्वको महत्व तथा सामाजिक सेवामा लायन्स क्लबले निर्वाह गर्दै आएको भूमिकाका विषयमा सहभागीहरूलाई जानकारी गराए । कार्यक्रममा लायन्स क्लबको इतिहासदेखि वर्तमानसम्मका गतिविधि, डेकोरम, प्रोटोकल, नेतृत्व विकास तथा सफल उद्घोषणलगायतका विषयमा प्रशिक्षण तथा सहजीकरण गरिएको थियो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## व्यवहारमा सुनिश्चित होऊन् आदिवासीका अधिकार

हरेक वर्ष अगस्ट ९ मा अन्तर्राष्ट्रिय आदिवासी दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस आइतबार विभिन्न कार्यक्रम गरी मनाइँको छ । यो केवल एउटा औपचारिक दिवस होइन, विश्वभरका आदिवासी जनजातिको अस्तित्व, पहिचान, अधिकार र सम्मानको प्रश्नलाई पुनः बहसमा ल्याउने महत्वपूर्ण अवसर हो । यस दिवसले आदिवासी समुदायले आफ्नो भाषा, संस्कृति, परम्परा, भूमि र प्राकृतिक स्रोतसँगको सम्बन्ध जोगाउँदै सम्मानपूर्वक बाँच्न पाउने अधिकारको स्मरण गराउँछ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक हो । यहाँका आदिवासी जनजातिले नेपालको सामाजिक, सांस्कृतिक र ऐतिहासिक पहिचान निर्माणमा महत्वपूर्ण योगदान दिएका छन् । उनीहरूको भाषा, कला, संस्कार, ज्ञान, सीप र जीवनपद्धति नेपालको अमूल्य सम्पत्ति हुन् । तर विडम्बना के छ भने, राज्यको राजनीतिक तथा प्रशासनिक संरचनामा समान सहभागिताको अभाव, आर्थिक पछौटेपन, मातृभाषाको संरक्षणमा कमजोरी र परम्परागत भूमि तथा स्रोतसाधनमाथिको अधिकारका सवाल अझै पूर्ण रूपमा सम्बोधन हुन सकेका छैनन् । आदिवासी जनजाति समुदायको अधिकार संरक्षण र सम्मान लोकतान्त्रिक राज्यको महत्वपूर्ण दायित्व हो । नेपालको संविधानले आदिवासी जनजातिसहित विभिन्न सीमान्तकृत समुदायका अधिकारलाई स्वीकार गरेको छ । तर संविधान र कानुनमा अधिकार सुनिश्चित हुँदैमा मात्र ती अधिकार व्यवहारमा स्थापित हुन्छन् भन्ने हुँदैन । वास्तविक चुनौती अधिकारलाई कागजबाट व्यवहारमा उतार्नु हो । आदिवासी जनजाति समुदायले लामो समयदेखि आफ्नो भाषा, संस्कृति, परम्परा, भूमि, प्राकृतिक स्रोत र पहिचानको संरक्षणसँगै राज्यका सबै तहमा समान सहभागिताको माग गर्दै आएका छन् । कतिपय क्षेत्रमा राज्यका नीति तथा कार्यक्रम बने पनि तिनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपेक्षित परिवर्तन देखिन सकेको छैन । अधिकार प्राप्तिका लागि कानुनी व्यवस्था मात्र पर्याप्त छैन, राज्यका संयन्त्र, राजनीतिक दल र समाजको व्यवहारमा पनि त्यसको प्रतिबिम्ब देखिनुपर्छ । आदिवासी जनजातिका अधिकार भाषण, नीति र दस्तावेजमा मात्र सीमित रहनु हुँदैन । उनीहरूले आफ्नो भूमि, भाषा, संस्कृति, पहिचान र सम्मानसहित बाँच्न पाउने वातावरण राज्यले व्यवहारमै निर्माण गर्नुपर्छ । अधिकारको वास्तविक परीक्षा कागजमा होइन, नागरिकको दैनिक जीवनमा हुन्छ । त्यसैले अबको प्राथमिकता स्पष्ट हुनुपर्छ–आदिवासीका अधिकार लेखिन मात्र होइन, व्यवहारमै सुनिश्चित हुनुपर्छ ।

### Opinion @ Social Network

समय र मान्छेको कदर बेलैमा गर्नु पर्छ,
किनभने गुमेपछि पछुताउनु बाहेक अरू कुनै विकल्प बाँकी रहँदैन !
*(माया मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Maya.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समृद्ध राष्ट्र निर्माण : अब औँला अरुतिर होइन, आफूतिर



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*नागरिकले अधिकार मात्रै होइन मेरो कर्तव्य के ? भन्नु पर्ने समय आएको छ । स्वार्थका लागि विधि मिच्चने नागरिक होइन ,कमिशनको चक्करमा आफ्नै ठाँउको विकास गुणस्तरहिन बनाउने नागरिक हैनु, अब जिम्मेवार नागरिकको खाँचो छ देश विकासका लागि । अब औंला राजनीतिक नेतृत्व तर्फ हैन एक पटक आफै तिर तेस्राउने समय आएको छ । देशले के दियो मात्रै होईन हामीले देशलाई के दियौं भन्ने समय आएको छ । यहाँ यीनै विषयसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गएिको छ । देश बिग्राने नेता नै हुन् । पुराना दल हुन् । यीनैका कारण हो देश विकसित हुन नसकेको । जनताको दैनिकी र जीवनस्तरमा सुधार हुन नसक्नुको कारण पनि नेताको कार्य शैली हो । यी र यस्तै शब्द प्रयोग गर्दै चिया गफ बनाएको दशकौं अवधि पुरा भयो । साशन व्यवस्था परिवर्तन भए ,साशन गर्ने नेता परिवर्तन भए ,साशन शैली परिवर्तन भयो । हामीले भने झै युवा साशन सञ्चालनमा आए तर आशा जगाउदो साशन शैलीको अनुभूति हामी नेपालीले गर्न पाएको देखिदैन् । राजनीतिक आडमा झाँगिएको कर्मचारीतन्त्र । एक राजनीतिक दलले अर्को राजनीतिक दललाई असफल बनाउने खेलमा असफलतातर्फ रुमलिएका नेपालका महत्वपूर्ण बर्षहरुले हामीलाई विकासोन्मूख देशमै राख्न बाध्य बनाएको छ । समय परिवर्तनशिल छ । मानिसको सोच र व्यबहारमा परिवर्तन भैरहेको छ । अब सरकार ,राजनीतिक दल ,राजनीतिक नेतृत्व मात्र दोषी की जनता पनि ? देश नबन्नुमा छलफलको विषय बन्न जरुरी देखिन्छ । बनेका सरकार,राजनीतिक दल,राजनीतिक नेतृत्वलाई देश विकास नभएको , वेथिती र भष्ट्रचार बढाएको, जनताको जीवनस्तर सुधार गर्न नसकेको भनि आरोप र दोष थुपारेको दशकौं समय बेथित हुँदै गयो ।*

समृद्ध राष्ट्र निमार्णको आधार सिंहदरबार,संसद्का चर्का भाषण, सामाजिक सञ्जालमा कडा स्टाट्स लेखेर योजना र बजेट बनाएर मात्रै आउँदो रहेन छ । यो विगतले प्रमाणित गरी सकेको छ । अनि तीन तहका सरकारको सिंहदरबारबाट मात्रै पनि यो सम्भव हुँदो रहेन्छ जब सम्म व्यक्ति ,घर परिवारको सक्रियता र चासो देशप्रतिको सकरात्मक भावना प्रत्येक नागरिकमा उत्पन्न गराउन सकिदो रहेन छ । जुन देशमा नागरिक सक्रिय र इमान्दार छन् त्यो देशको विकास छिटो हुँदो रहेछ त्यो विश्व उदाहरणबाट प्रमाणित भैसकेको छ । समृद्ध राष्ट्र ,सुखी नेपालीको मिठो शब्दले मात्रै समृद्ध आउँदो रहेन छ किनकी यो सपना देखेको पनि दशकौं भयो । नदीमा धेरै पानी बगी सक्यो तर होला की ? एक दिन भन्ने आशले अहिलेसम्म छोडेको पनि देखिदैन् आम नागरिकमा । यही उद्देश्य प्राप्तिका लागि व्यवस्था परिवर्तन भए,सरकार परिवर्तन भए, राजनीतिक नेतृत्व परिवर्तन भयो । देशले संरचनामा काँचुली फेर्यो तर अवस्था उस्तै हिजो अनि आज । अब भएन की भन्दै परिवर्तन गर्नु पर्ने बाँकी पनि केही देखिदैन् । दोष थुपार्ने ठाउँ पनि कसै माथि देखिदैन् । अब गम्भिर समिक्षा आवश्यक छ देश निमार्णका लागि । अब व्यवस्था ,सरकार र राजनीतिक नेतृत्व परिवर्तनका कुरा हैन् नागरिक परिवर्तनका कुरा गर्नु पर्ने समय आएको छ । नागरिकले अधिकार मात्रै होइन मेरो कर्तव्य के ? भन्नु पर्ने समय आएको छ । स्वार्थका लागि विधि मिच्चने नागरिक होइन ,कमिशनको चक्करमा आफ्नै ठाँउको विकास गुणस्तरहिन बनाउने नागरिक हैन्, अब जिम्मेवार नागरिकको खाँचो छ देश विकासका लागि । अब औंला राजनीतिक नेतृत्व तर्फ हैन एक पटक आफै तिर तेस्राउने समय आएको छ । देशले के दियो मात्रै होईन हामीले देशलाई के दियौं भन्ने समय आएको छ । यहाँ यीनै विषयसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

देश बिग्राने नेता नै हुन् । पुराना दल हुन् । यीनैका कारण हो देश विकसित हुन नसकेको । जनताको दैनिकी र जीवनस्तरमा सुधार हुन नसक्नुको कारण पनि नेताको कार्य शैली हो । यी र यस्तै शब्द प्रयोग गर्दै चिया गफ बनाएको दशकौं अवधि पुरा भयो । साशन व्यवस्था परिवर्तन भए ,साशन गर्ने नेता परिवर्तन भए ,साशन शैली परिवर्तन भयो । हामीले भने झै युवा साशन सञ्चालनमा आए तर आशा जगाउदो साशन शैलीको अनुभूति हामी नेपालीले गर्न पाएको देखिदैन् । राजनीतिक आडमा झाँगिएको कर्मचारीतन्त्र । एक राजनीतिक दलले अर्को राजनीतिक दललाई असफल बनाउने खेलमा असफलतातर्फ रुमलिएका नेपालका महत्वपूर्ण बर्षहरुले हामीलाई विकासोन्मूख देशमै राख्न बाध्य बनाएको छ । समय परिवर्तनशिल छ । मानिसको सोच र व्यबहारमा परिवर्तन भैरहेको छ । अब सरकार ,राजनीतिक दल ,राजनीतिक नेतृत्व मात्र दोषी की जनता पनि ? देश नबन्नुमा छलफलको विषय बन्न जरुरी देखिन्छ । बनेका सरकार,राजनीतिक दल,राजनीतिक नेतृत्वलाई देश विकास नभएको , वेथिती र भष्ट्रचार बढाएको, जनताको जीवनस्तर सुधार गर्न नसकेको भनि आरोप र दोष थुपारेको दशकौं समय बेथित हुँदै गयो । हामी सरकार र राजनीतिक दलतर्फ औंलो तेस्राउँदै गयौं तर देश बनाउन जिम्मेवार नागरिकको खाँचो हुन्छ भन्ने बारेमा बेखवर जस्तै भयौ । देश बनाउन राजनीतिक दल र नेतृत्व को भन्दा बढी जिम्मेवारी विवेकी नागरिक हुने गर्दछ । विश्वका विकसित देशको नागरिकका उदाहरणले यहि देखाउँदछ । देशको वास्तविक विकासका लागि हरेक नागरिक जिम्मेवार ,सचेत ,इमान्दार ,विवेकी र कर्तव्यनिष्ठ हुनु अनिवार्य शर्त जस्तै देखिन्छ । जहाँका जनता सचेत छन् त्यस स्थानको विकास पनि छिटो र गुणस्तरीय भएको देखिन्छ । अधिकारका चर्को कुरा गर्ने हामी जनता देश विकासका पक्षहरुमा पनि उत्तीकै जिम्मेवार र कर्तव्य निष्ठ हुन जरुरी देखिन्छ । देशको माया सामाजिक सञ्जालको स्टाट्समा होइन व्यवहारमा हुनु पर्दछ । राजनीतिक स्वार्थ र सत्ता प्राप्तिका लागि देखाउने राष्ट्रवाद होइन् मुटुमा देशको माया उत्पन्न हुनुपर्दछ । देश र जनताका लागि गोहिको आशु चुहाउने होईन वास्तविक आशु चुहाउनु जनता र नेतृत्व भएमा मात्रै समृद्ध राष्ट्र सम्भव छ । छेपारोले रंग फेरे जस्तो राष्ट्रवाद होईन मन र मस्तिस्कमा राष्ट्रवाद हुनुपर्दछ यसो भएमा मात्रै देश विकासको आधार ,समृद्ध राष्ट्र निमार्णको आधार तय हुने देखिन्छ ।

हामी नागरिक कहिले कहिले पशु व्यवहार देखाउँदै देशलाई असफलताको बाटोमा धकेल्न पछि पर्दैनौ । धर्मका नाममा ,भाषाका नाममा,जातीको नाममा विवाद गर्दछौ । अनि देशलाई स्वार्थ परिपूर्ति गर्न द्वन्द्व तर्फ धकेल्न कोसिन्छौ । व्यक्तिगत स्वार्थ परिपूर्तीका लागि देश वेथिती र भष्ट्रचारलाई अगाल्छौ । राज्यलाई ठगन्न , कर छल्न पछि पर्दैनौ । राज्य अप्ठयारो परेको बेलामा झनै अप्ठयारो थप्ने कार्यमा सक्रिय हुन्छौ । उपभोग्य बस्तुको अभावमा झनै धेरै सञ्चय गरेर राज्यलाई झनै अप्ठयारो पार्न पछि पर्दैनौ । राज्यमा द्वन्द्व ल्याउन ,अपवाह फैलाउन अग्रसर हुन्छौ । आफ्ना आखै अगाडिका वेथिती र अपराधलाई नदेखेझै, नसुने झै गर्दछौ । राज्यका अंगका आखा छल्न पाए जस्तोसुकै अपराध गर्न पछि पर्दैनौ तर दोष भने राजनीतिक दल ,सरकारलाई दिन पछि पर्दैनौ ।

**समृद्ध राष्ट्र निमार्णमा नागरिकको भूमिका :**

समृद्ध राष्ट्र निमार्णको आधार देशका नागरिकनै हुन् । नागरीक विना देश विकासको कल्पना पनि गर्न सकिदैन् । विवेकी ,कर्तव्यनिष्ठ र जिम्मेवार नागरिक देश विकासको आधार भएकाले देश विकासमा उल्लेख्य भूमिका हुने कुरामा दुईमत रहँदैन । कानुनको पालना ,इमान्दारीता ,नैतिकता ,कर तिर्ने बानी,सार्वजनिक सम्पत्ति तोडफोड र आगलागि गर्ने होईन संरक्षण गर्नु पर्ने, विकासमा सहभागिता र चासो ,भ्रष्टाचार र बेथिती माथि निरन्तर निगरानी ,राष्ट्रहितलाई पहिलो प्राथमिकता, नेतृत्व माथि खवरदारी गर्ने, उत्पादन र प्रयोगमा जोड, नियमको पालना,सहकार्यमा जोड केहि समृद्ध देश निमार्णमा नागरिकको भूमिका रहेको देखिन्छ ।

**निष्कर्ष :**

समृद्ध राष्ट्र निमार्ण गर्ने कुरा सरकार वा राज्यको एकल दायित्व होईन । यो देश भित्रका सम्पूर्ण पक्षको साझा दायित्व र कर्तव्य हो । एउटा पक्षको प्रयासले मात्रै यो सम्भव हुने कुरा पनि होईन । सरकार र राजनीतिक दललाई दोष दिएर मात्रै यो प्राप्त हुने कुरा पनि होईन् । यसका लागि नागरिकको कर्तव्य ,दायित्व अनिवार्य शर्त हुनुपर्दछ । प्रभावकारी साशन ,सक्षम राजनीतिक नेतृत्व , देशको माया भएका विवेकी नागरिकबाट मात्रै समृद्ध देशको लक्ष्य प्राप्त हुने भएकोले देशले मलाई के दियो ? भन्ने भावना त्यागी महिले देशका लागि के योगदान दिन सक्छु ? भन्ने भावना हरेक नागरिकमा विकास गर्न सकेमा पक्कै पनि समृद्ध र आत्मनिर्भता सहितको विकसित नेपाल निमार्ण गर्न सकिन्छ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा समय दिन पाउनुहुनेछ। आर्थिक पक्ष सुधारका उपाय फेला पर्नेछ। | **तुला**: काम पूरा गर्ने जाँगर बढ्नेछ। नयाँ योजना बनाउन सकिने समय छ। |
| **वृष** : कार्यक्षेत्रमा राम्रो अवसर ल्याउन सक्छ। मनमा सकारात्मक ऊर्जा थप्नेछ। | **वृश्चिक** : कामबाट राम्रो परिणाम मिल्न सक्छ। अवसरको ढोका खोल्नेछ। |
| **मिथुन** : व्यापारमा ग्राहकको विश्वास बढ्ने सम्भावना छ। शरीर फुर्तिलो रहनेछ। | **धनु** : धैर्यले काम सहज बन्नेछ। स्वास्थ्यमा नियमित व्यायाम राम्रो रहनेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा राम्रो प्रभाव छोड्नेछ। लेनदेनमा स्पष्ट निर्णय लिनु उचित हुनेछ। | **मकर** : कामबाट सम्भावना देखिन सक्छ। व्यापार विस्तामा सोच बलियो बन्नेछ। |
| **सिंह** : समयको राम्रो उपयोग हुनेछ। स्वास्थ्यमा विशेष ध्यान दिनु लाभदायक रहनेछ। | **कुम्भ**: मेहनतले परिणाम दिने समय नजिकिँदै छ। शरीरलाई आराम दिनु होला। |
| **कन्या** : नेतृत्व क्षमता देखाउने अवसर प्राप्त हुन सक्छ। सन्तोषको अनुभूति हुनेछ। | **मीन** : सामाजिक क्षेत्रमा सम्मान बढ्ने संकेत छ। कामले आत्मसन्तुष्टि दिनेछ। |

# शिक्षा

## विदेशको क्रेडिट नेपालमा ट्रान्सफर गरी पढाइलाई निरन्तरता दिन सकिने




विश्वविद्यालय अनुदान आयोगले नेपालको उच्च शिक्षा प्रणालीलाई थप लचिलो, आधुनिक र विद्यार्थीमैत्री बनाउने उद्देश्यले 'एकेडेमिक क्रेडिट बैङ्कको स्थापना र सञ्चालन निर्देशिका, २०८२' जारी गरेको छ । मुलुकभित्र एवम् बाहिर विद्यार्थीले उच्च शिक्षा अध्ययन गरी आर्जन गरेको शैक्षिक क्रेडिट सञ्चय र ट्रान्सफर गरी उच्च शिक्षामा विद्यार्थीहरूको गतिशीलता तथा निरन्तरतालाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोगले निर्देशिका जारी गरेको हो । अध्ययनका क्रममा विदेशबाट नेपाल फर्किनुपरेमा अब नेपालकै विश्वविद्यालयमा पढाइलाई निरन्तरता दिन मिल्ने भएको छ । नेपालका जुनसुकै विश्वविद्यालयमा सहजरूपमा क्रेडिट ट्रान्सफर गरी अध्ययनलाई निरन्तरता दिन सकिने निर्देशिका आयोगले तयार पारेको छ । अध्ययनकै क्रममा विदेश जानुपर्ने अवस्था आएमा विद्यार्थीको क्रेडिट सुरक्षित रहने व्यवस्था निर्देशिकामा गरिएको छ । अध्ययन स्थगन गरी विदेश गएका विद्यार्थीहरूले पछि फर्किएर आफ्नो पढाइ सहजै पूरा गर्न सकुन् भन्ने उद्देश्यले 'क्रेडिट बैंक' को अवधारणा कार्यान्वयनमा ल्याइएको हो । विदेशमा अध्ययन गरी फर्किएका विद्यार्थीले त्यहाँ आर्जन गरेको मान्यता प्राप्त क्रेडिटलाई विश्वविद्यालय अनुदान आयोगको 'एकेडेमिक क्रेडिट बैंक'मा जम्मा गर्न सक्ने व्यवस्था मिलाइएको छ । नेपाल तथा विदेशका मान्यताप्राप्त विश्वविद्यालय वा उच्च शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक प्रगतिलाई डिजिटल रूपमा सुरक्षित राख्न र सोको उपयोग गर्न 'एकेडेमिक क्रेडिट बैंक' सम्बन्धी व्यवस्था ल्याइएको छ । बैंकले विद्यार्थीहरूले अध्ययनका क्रममा आर्जन गरेको 'क्रेडिट' ( अङ्क/भार) लाई प्रमाणीकरण, सञ्चय र ट्रान्सफर (स्थानान्तरण) गर्ने डिजिटल तथा भर्चुअल सुविधा प्रदान गर्नेछ । यसका लागि प्रत्येक विद्यार्थीलाई डिजिटल रूपमा व्यक्तिगत 'एकेडेमिक बैंक खाता' खोल्ने सुविधा दिइने निर्देशिकामा भनिएको छ । खाता खोल्नका लागि विद्यार्थीले आफ्नो व्यक्तिगत विवरण, शैक्षिक प्रमाणपत्र र मान्यताप्राप्त संस्थाबाट प्राप्त क्रेडिट विवरण आयोगसमक्ष पेस गर्नुपर्नेछ, जसलाई सम्बन्धित शैक्षिक संस्थाले सिधै प्रमाणीकरण गरी पठाएपछि मात्र मान्यता दिइने उल्लेख छ । यो व्यवस्था लागू भएसँगै विद्यार्थीहरूले एक शैक्षिक संस्थाबाट अर्कोमा अध्ययन स्थानान्तरण गर्दा पहिले हासिल गरेको क्रेडिट सहजै प्रयोग गर्न सक्नेछन् । तर, त्यसका लागि कम्तीमा एउटा सेमेस्टर वा वर्ष पूरा गरेको हुनुपर्छ । अर्को विश्वविद्यालय वा संस्थामा क्रेडिट ट्रान्सफर गर्नका लागि विद्यार्थीले तोकिएको ढाँचामा आयोगमा निवेदन दिनुपर्नेछ र अध्ययन गर्न चाहेको विश्वविद्यालयले उक्त क्रेडिट स्वीकार गर्ने निश्चित भएपछि विवरण उपलब्ध गराइने निर्देशिकामा उल्लेख छ । यसरी एकेडेमिक क्रेडिट बैंकमा जम्मा गरिएको क्रेडिट स्नातक तहका लागि ७ वर्ष र स्नातकोत्तर तहका लागि ५ वर्षभित्र ट्रान्सफर तथा प्रयोग गरिसक्नुपर्ने समयसीमा तोकिएको छ । विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम ल्याइएको निर्देशिकाले नेपालभित्रका सैंघीय तथा प्रादेशिक विश्वविद्यालय र शिक्षण संस्थाहरूमा डिजिटल प्लेटफर्मका रूपमा 'एकेडेमिक क्रेडिट बैङ्क' को स्थापना गर्ने व्यवस्था गरेको छ । यस प्रणालीमार्फत उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूले १५ देखि १६ घण्टाको सिकाइ अभ्यासबापत प्राप्त गर्ने शैक्षिक 'क्रेडिट' लाई आफ्नै व्यक्तिगत 'एकेडेमिक बैङ्क खाता' मा सञ्चय गर्न र आवश्यकताअनुसार अर्को विश्वविद्यालय वा संकायमा ट्रान्सफर गर्न सक्नेछन् । अब कुनै विद्यार्थीले एउटा कलेज वा विश्वविद्यालय छाडेर अर्कोमा भर्ना हुन चाहेमा वा बिचमा नै पढाइ रोकिएर पछि फेरि सुरु गर्न चाहेमा पहिले पढेको विषयको अङ्क खेर जाने छैन । त्यो अङ्क नयाँ कलेजमा सजिलै सार्न (ट्रान्सफर गर्न) सकिनेछ । यो व्यवस्थाले स्वदेश तथा विदेशका मान्यताप्राप्त संस्थामा अध्ययन गर्ने विद्यार्थीको गतिशीलतालाई सहज बनाउनुका साथै कुनै कारणवश बिचमै पढाइ छुटेकाहरूलाई पुनः निरन्तरता दिन राहत पुऱ्याउनेछ । क्रेडिट ट्रान्सफर र उपयोगका लागि आयोगले स्पष्ट मापदण्ड र सीमा निर्धारण गरेको छ । निर्देशिका अनुसार विद्यार्थीले आफूले आर्जन गरेको क्रेडिट स्नातक तहको हकमा ७ वर्षभित्र र स्नातकोत्तर तहको हकमा ५ वर्षभित्र ट्रान्सफर गरी उपयोग गरिसक्नुपर्नेछ । कुनै पनि विश्वविद्यालयबाट प्राप्त गर्ने कुल क्रेडिटको अधिकतम ५० प्रतिशतसम्म मात्र ट्रान्सफर गर्न पाइनेछ । अनिवार्य रूपमा सेमेस्टर वा वर्ष पूरा भएको क्रेडिट मात्र रूपान्तरण हुनेछ । विद्यार्थीले अध्ययन गर्न चाहेको सम्बन्धित विश्वविद्यालय वा संस्थाको पाठ्यक्रम र विषयको समानताका आधारमा प्राज्ञिक परिषद्को स्वीकृतिपछि मात्र यो सुविधा पाइनेछ । ट्रान्सफर भई आएको क्रेडिट विवरण विद्यार्थीको अन्तिम शैक्षिक प्रमाणपत्र (ट्रान्सक्रिप्ट) मा अनिवार्य रूपमा उल्लेख गरिनेछ । नेपालका उच्च शैक्षिक संस्थाहरूमा शैक्षिक मूल्याङ्कनलाई एकरूपता दिन आयोगले निरन्तर मूल्याङ्कन र अन्तिम परीक्षाको आधारमा फोर-पोइन्ट ग्रेडिङ स्केल लागू गरेको छ । विद्यार्थीको विवरण र सञ्चित क्रेडिटको सुरक्षाका लागि अत्याधुनिक साइबर सुरक्षा मापदण्ड, डाटा एन्क्रिप्शन र प्रयोगकर्ता प्रमाणीकरण प्रणाली अपनाइने उल्लेख छ । यो व्यवस्था लागू गर्न सबै विश्वविद्यालयहरूलाई आफ्ना नियम संशोधन गर्न र पाठ्यक्रम अद्यावधिक गर्न आह्वान गरिएको छ ।

*-रातोपाटी डटकम*

## भदौ १५ गते १९औँ पुस्तकालय दिवस मनाइने



१९औँ पुस्तकालय दिवस आगामी भदौ १५ गते विभिन्न रचनात्मक र सन्देशमूलक कार्यक्रमसहित देशव्यापी रूपमा मनाइने भएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलको अध्यक्षतामा बसेको मूल समारोह समितिको बैठकले देशव्यापी रूपमा उक्त दिवस मनाउने निर्णय गरेको हो ।

यस वर्षको पुस्तकालय दिवसको आदर्श वाक्य 'बाल, युवा र वृद्ध: पुस्तकालय सबैको गन्तव्य' तय गरिएको छ जसले उमेर, वर्ग र समुदायको सीमाभन्दा माथि उठेर सबैका लागि पुस्तकालयको पहुँच र उपयोगितालाई जोड्नेछ । दिवसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न मन्त्रालयका योजना तथा अनुगमन महाशाखा प्रमुख सहसचिव शिवकुमार सापकोटाको उपाध्यक्ष तथा पुस्तकालय समन्वय तथा अभिलेख शाखाका उपसचिव प्रेमराज अधिकारीको सदस्यसचिवमा रहने गरी मूल आयोजक समिति गठन गरिएको छ । कार्यक्रमलाई प्रभावी बनाउन चारवटा विषयगत समितिहरू समेत गठन गरिएका छन् जसमा सहसचिव शिवकुमार सापकोटाको संयोजकत्वमा सम्मान तथा पुरस्कार समिति, उपसचिव प्रेमराज अधिकारीको संयोजकत्वमा प्रकाशन तथा सम्पादन समिति, नेपाल सामुदायिक पुस्तकालय सैंका महासचिव राजेन्द्रप्रसाद पाण्डेयको संयोजकत्वमा प्रचारप्रसार समिति र पुस्तकालय परिचारक सङ्गठन नेपालका अध्यक्ष यज्ञराज भट्टको संयोजकत्वमा सामाजिक तथा रचनात्मक क्रियाकलाप समिति रहेका छन् । पुस्तकालय दिवसका कार्यक्रमहरू प्रदेश र स्थानीय तहका शैक्षिक संस्था तथा सम्बन्धित सैंसंस्थामार्फत सञ्चालन गरिनेछन् । त्यसका लागि सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने निर्णय भएको छ भने स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न सैंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई अनुरोध गरिनेछ । यस कार्यमा गाउँपालिका राष्ट्रिय महासैं नेपाल र नेपाल नगरपालिका सैंले समेत आवश्यक सहजीकरण गर्नेछन् ।

*-हाम्रा कुरा डटकम*

## सिकाइ चौतारी: शिक्षामा गुणस्तर र पहुँच विस्तारको डिजिटल यात्रा




गुणस्तरीय शैक्षिक सामग्रीमा सहज पहुँच विस्तारका लागि नेपाल सरकारले 'सिकाइ चौतारी' नामक आधिकारिक डिजिटल सिकाइ प्लेटफर्मलाई सक्रिय बनाएको छ । विद्यालय तह (कक्षा १ देखि १२) सम्मका विद्यार्थी, शिक्षक र शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकार भएका निकायलाई प्रविधिमैत्री सिकाइको अवसर उपलब्ध गराउन शिक्षा तथा खेलकुद मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले 'सिकाइ चौतारी' लाई वेबसाइट र एप्समार्फत अघि बढाइएको हो ।

गुणस्तरीय शिक्षा र तालिम अवसरहरू प्रदान गर्दै 'सबैका लागि शिक्षा, जहाँ पनि जहिले पनि सिक्नुहोस्' भन्ने उद्देश्यलाई यस यात्रामार्फत जोडिएको हो । यो पोर्टल (learning.cehrd.gov.np) शिक्षक, अभिभावक र विद्यार्थीका लागि साझा डिजिटल मञ्चका रूपमा विकसित हुँदैछ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको पहिलो मन्त्रिपरिषद्बाट पारित नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीमा समेत समाविष्ट 'सिकाइ चौतारी' मा हालसम्म ४० हजार ४४९ प्रयोगकर्ता सहभागी भइसकेका छन् । तीमध्ये दुई हजार ७५४ विद्यार्थी, ३४ हजार २३१ शिक्षक र अन्य तीन हजार ४६४ छन् । यस पोर्टलमा हालम्म कक्षा १ देखि १२ सम्मका ५८ पाठ्यक्रम राखिएका छन् । सरकारको १०० बुँदे सुधारको सूचकमा समेत समावेश रहेको 'सिकाइ चौतारी' ले डिजिटल माध्यमबाट सिकाइ सामग्रीमा पहुँच पुऱ्याउने, विषय विज्ञसँग जोडिने तथा नवीन ज्ञानको खोज र विस्तार गर्ने अवसर प्रदान गर्ने लक्ष्य लिएको छ । प्रविधिको बढ्दो प्रयोगसँगै शिक्षण-सिकाइ प्रक्रियालाई थप प्रभावकारी, पहुँचयोग्य र आधुनिक बनाउने सरकारी प्रयासका रूपमा यसलाई अघि बढाइएको हो ।केन्द्रका उपमहानिर्देशक एवं प्रवक्ता महेन्द्र पराजुलीले उक्त प्लेटफर्म अहिले सहरी क्षेत्रका शिक्षकले बढी प्रयोग गरिरहेका बताउँदै शीघ्र 'सिकाइ चौतारी'लाई दूरदराजका शिक्षकका साथै विद्यार्थीहरूलाई केन्द्रित गरेर यसको क्षमता र पहुँच विस्तार गर्ने बताए । उनले विगतदेखिकै निरन्तर कार्यक्रमका रूपमा सिकाइ चौतारी रहेकाले चालु आर्थिक वर्षमा यसलाई सुदृढीकरणका लागि बजेटको आवश्यक प्रबन्ध गरिएको जनाउँदै विद्यार्थीमैत्री सामग्री उत्पादनमा थप जोड दिइने उल्लेख गरे । उनले माध्यमिक शिक्षा परीक्षा (एसइई) को सामग्री विकास गरेर राष्ट्रिय परीक्षा बोर्डको सहकार्यमा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण गर्दा नतिजामा सुधार आएकाले यस्ता कार्यलाई निरन्तरता दिइने जानकारी दिए । यसमा पाठ्यक्रमका आधारमा श्रव्यदृश्य र रेखाचित्रसहित आकर्षक शैलीमा स्रोत सामग्री राखिएका छन् । यसमा स्वनिर्देशित सिकाइ सामग्री, शिक्षा पोर्टल कार्यक्रम, विद्यालय पूर्वाधार डिजाइन तथा श्रव्यदृश्य, साङ्केतिक भाषा स्रोत, नवप्रतिभा विज्ञान परिचय तथा योग अभ्यास, नेपाली बालसङ्ग्रह, गीत सङ्ग्रह, श्रव्य शिक्षा सामग्री, आइसिटी सामग्री, एसइई परीक्षा, अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रम, समाचार मञ्च, अङ्ग्रेजी तथा नेपाली कथा, शब्दावलीलगायत विषय राखिएका उपमहानिर्देशक पराजुलीले जानकारी दिए ।

'सिकाइ चौतारी' मार्फत् विद्यार्थी तथा शिक्षकले विभिन्न विषयसँग सम्बन्धित गुणस्तरीय शैक्षिक सामग्री डिजिटल रूपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । परम्परागत कक्षा कोठामा सीमित सिकाइलाई डिजिटल माध्यमबाट विस्तार गर्दै भौगोलिक तथा अन्य कारणले सहज रूपमा शैक्षिक स्रोतमा पहुँच नपुगेका विद्यार्थी तथा शिक्षकलाई सिकाइको अवसर उपलब्ध गराइने मन्त्रालयले जनाएको छ । डिजिटल प्लेटफर्मले सिकाइलाई केवल पाठ्यपुस्तकमा सीमित नराखी विषयविज्ञ, स्रोत सामग्री तथा नयाँ ज्ञानसँग जोड्ने अवधारणालाई प्राथमिकता दिएको छ । यसबाट प्रयोगकर्ताले आफूलाई आवश्यक विषयमा थप जानकारी हासिल गर्ना साथै सिकाइ प्रक्रियालाई रूचि र आवश्यकताअनुसार अघि बढाउन सक्ने अपेक्षा गरिएको छ । सरकारले सार्वजनिक सेवाको डिजिटल रूपान्तरणलाई प्राथमिकता दिँदै शिक्षा क्षेत्रमा पनि प्रविधिको अधिकतम उपयोग गर्ने नीति अघि सारेको छ । सोही नीतिअनुसार 'सिकाइ चौतारी'लाई डिजिटल शिक्षा प्रवर्द्धनको महत्वपूर्ण माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ । यसले विद्यालय तहदेखि शिक्षा क्षेत्रका विभिन्न पक्षमा डिजिटल स्रोतको प्रयोग बढाउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ । शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्दै गएको अवस्थामा यस्ता डिजिटल प्लेटफर्मले शिक्षक र विद्यार्थीबीचको सिकाइ सम्बन्धलाई थप प्रभावकारी बनाउन सक्ने देखिन्छ । विशेषगरी नयाँ पुस्तालाई प्रविधिसँग जोड्दै ज्ञानको खोज, आदानप्रदान र विस्तारमा सहयोग पुऱ्याउने माध्यमका रूपमा 'सिकाइ चौतारी'लाई उपयोग गर्न सकिने उपमहानिर्देशक पराजुलीले बताए । देशभरका शिक्षकलाई सिकाइ चौतारीको प्रयोगसम्बन्धी जानकारी दिने उद्देश्यले अभिमुखीकरणसम्बन्धी अध्ययन शृङ्खला पनि तयार गरिएको छ । उक्त शृङ्खलाका केही पाठहरू कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको प्रयोग गरी तयार गरिएको छ । एआई तथा नयाँ प्रविधिको प्रयोगबाट स्वीकृत पाठ्यसामग्री तथा पाठ्यक्रमबमोजिम आगामी दिनमा सिकाइ चौतारीमा अन्तक्रियात्मक शृङ्खला तथा शिक्षक तालिमसम्बन्धी सामग्रीहरू विकास गरिने उपमहानिर्देशक पराजुलीले उल्लेख गरे। हालै सम्पन्न शिक्षा तथा खेलकुद मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक एवं वार्षिक प्रगति समीक्षा बैठकमा डिजिटल नेपाल निर्माणको अवधारणाअनुसार शिक्षा क्षेत्रमा प्रविधिको प्रयोग विस्तार गर्दै लगेको सन्दर्भमा 'सिकाइ चौतारी' को विकासलाई महत्वपूर्ण कदमका रूपमा लिइएको थियो । गुणस्तरीय शैक्षिक सामग्रीमा पहुँच, विज्ञसँगको सम्बन्ध तथा नवीन ज्ञानको विस्तारलाई एउटै डिजिटल माध्यममा जोड्ने प्रयासले नेपालको शिक्षा प्रणालीलाई थप समावेशी, प्रविधिमैत्री र पहुँचयोग्य बनाउन योगदान पुऱ्याउने भएकाले यसलाई अभिवृद्धि गर्न बैठकमा जोड दिइएको थियो । बैठकमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले चालु आर्थिक वर्षदेखि 'सिकाइ चौतारी' कार्यक्रमलाई उच्च प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिए । उनले नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, नतिजामुखी कार्यसंस्कृतिको विकास तथा शिक्षा प्रणालीमा गुणात्मक सुधारमा विशेष ध्यान दिनुपर्ने बताए ।*-रासस*

# अवैध लागूऔषध सहित १६ जना पक्राउ



**पाल्पा,** साउन २४/देशका विभिन्न स्थानबाट प्रहरीले अवैध लागूऔषधसहित १६ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार बाँके, पर्सा, काठमाडौं, कञ्चनपुर, धनुषा, सिराहा र कैलालीबाट ब्राउनसुगर, गाँजा तथा खैरो हेरोइन जस्तो देखिने पदार्थसहित उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो ।

बाँकेकोखजुरा गाउँपालिका-३, बी गाउँबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय ३० मिलिग्रामसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही ठाउँका ३४ वर्षीय सुमन थापा मगर समेत छन् । इलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको टोलीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यस्तै पर्साको बिन्दवासिनी गाउँपालिका-४, मधवलबाट करिब ३९ किलो २ सय ५० ग्राम गाँजा जस्तो देखिने पदार्थसहित मकवानपुरको हेटौंडा उपमहानगरपालिका-३ का २३ वर्षीय दिपेश तामाङ पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय पोखरीयासमेतबाट खटिएको प्रहरीले वीरगन्जबाट भिष्वातर्फ जाँदै गरेको बा.८७ प ७८७० नम्बरको मोटरसाइकलमा सवार तामाङलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस्तै काठमाडौं महानगरपालिका-९, बत्तीसपुतलीबाट करिब ६ सय ६० ग्राम गाँजासहित सिन्धुपाल्चोक घर भएका ४२ वर्षीय भक्तबहादुर तामाङ पक्राउ परेका छन् । उनी काठमाडौं महानगरपालिका-८, पशुपति क्षेत्रमा बस्दै आएका थिए । प्रहरी वृत्त गौशालाबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो । यस्तै, चन्द्रागिरि नगरपालिका-८, धास्कीमा डेरा गरी बस्ने चितवनका ३२ वर्षीय सुगम मैनालीसहित पाँच जनालाई करिब २ किलो २ सय १६ ग्राम गाँजा जस्तो देखिने पदार्थसहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग मातातीर्थबाट खटिएको टोलीले सुगमको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारेपछि उनीहरूलाई पक्राउ गरेको हो ।यस्तै कञ्चनपुरको लालझाडी गाउँपालिका-२, कंजबाट करिब २ ग्राम ९ सय ५० मिलिग्राम खैरो हेरोइन जस्तो देखिने पदार्थसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सोही ठाउँका ३२ वर्षीय कमलेश राना र २६ वर्षीय बलराम राना रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय धनगढीसहितबाट खटिएको प्रहरीले आइतबार बिहान उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस्तै धनुषाको जनकपुरधाम उपमहानगरपालिका-९ बाट १ ग्राम ६० मिलिग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थसहित २८ वर्षीय समिरकुमार साह पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले आइतबार बिहान उनलाई पक्राउ गरेको हो ।

यस्तै सिराहाको गोलबजार नगरपालिका-८, पुरानो चौहर्वाबाट करिब ४ ग्राम ५६ मिलिग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थसहित गोलबजार नगरपालिका-६ का २३ वर्षीय जयकुमार नायक पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस्तै कैलालीको घोडाघोडी नगरपालिका-२, नयाँबजारबाट १ ग्राम खैरो हेरोइन जस्तो देखिने पदार्थसहित बर्दगोरिया गाउँपालिका-१ का २१ वर्षीय संजिप चौधरी पक्राउ परेका छन् । अस्थायी प्रहरी पोस्ट साडेपानीबाट खटिएको प्रहरीले से.१ प ९४०७ नम्बरको मोटरसाइकलमा सवार चौधरीलाई पक्राउ गरेको हो । यस्तै, धनगढी उपमहानगरपालिका-३, बोराडाँडीबाट २ सय ४० मिलिग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थसहित ३० वर्षीय बबि राना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो । पक्राउ परेकाहरूविरुद्ध सम्बन्धित प्रहरी कार्यालयबाट आवश्यक अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## तानसेनमा एकदिने लायन्स...

...सहभागीहरूलाई क्लबको औपचारिक कार्यक्रम सञ्चालनदेखि नेतृत्वदायी भूमिकामा आवश्यक पर्ने व्यवहारिक ज्ञान र सीपका विषयमा समेत जानकारी दिइएको थियो ।

लायन्स क्लब अफ श्रीनगरका भूतपूर्व अध्यक्ष राजेन्द्र लिगलका अनुसार कार्यक्रमले लायन्स सदस्यहरूमा नेतृत्व क्षमता विकास गर्नुका साथै क्लबका गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । नेतृत्व विकासका साथै संस्थागत मूल्य, अनुशासन र प्रोटोकलको पालना गर्दै सामाजिक सेवाका गतिविधिलाई प्रभावकारी बनाउन कार्यक्रम उपयोगी भएको उनले बताए । कार्यक्रमले क्लबहरूबीचको सहकार्य र आपसी सम्बन्धलाई थप मजबुत बनाउनुका साथै नेतृत्व विकासका क्षेत्रमा समेत सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको सहभागीहरुले बताएका छन् । सामाजिक सेवा, नेतृत्व विकास र समुदायमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यसहित क्रियाशील लायन्स क्लबका सदस्यहरूलाई समयानुकूल नेतृत्व सीप प्रदान गर्न यस्ता कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् । लायन्स क्लब अफ श्रीनगरकी उपाध्यक्ष शिवा कार्कीको संयोजकत्वमा भएको कार्यक्रम लायन्स क्लब अफ श्रीनगरका अध्यक्ष ताजेन्द्रकुमार थापाको अध्यक्षता, पाल्पा रानीमहल लायन्स क्लबका अध्यक्ष करुणा कालेको स्वागत,लायन्स क्लब अफ तानसेन सिटीका उपाध्यक्ष दुष्यन्त भण्डारीको धन्यवाद ज्ञापन, लायन्स क्लब अफ श्रीनगरका सचिव सूर्य बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## युनाइटेड र पीएसजीको खेल बराबरी



**काठमाडौं,** साउन २४/प्रि-सिजनको मैत्रीपूर्ण खेलमा म्यानचेस्टर युनाइटेड र पीएसजीले बराबरी खेले । स्वीडेनको गोथेनवर्गमा भएको प्रि-सिजन मैत्रीपूर्ण खेलमा म्यानचेस्टर युनाइटेड र पेरिस सेन्ट जर्मेन ( पीएसजी)ले १-१ गोलको बराबरी खेलेका छन् ।

खेलको दोस्रो मिनेटमै इब्राहिम म्बायेको गोलमा पीएसजीले अग्रता लिएको थियो । तर युनाइटेडका ब्रायन एम्बुमोले ३२औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याए । त्यसपछि पनि एम्बुमोले युनाइटेडका लागि अग्रता दिलाउने केही राम्रा अवसर सिर्जना गरे । तर, थप गोल हुन सकेन । दोस्रो हाफमा युनाइटेडका नयाँ खेलाडी युरी टिलेमान्सले डेब्यु गरे भने कप्तान ब्रुनो फर्नान्डेस पनि मैदानमा प्रवेश गरे । पीएसजीले दोस्रो हाफमा मार्किन्होस, भिटिन्हा, नचुनो मेन्डेस र जोआओ नेभेसजस्ता अनुभवी खेलाडी मैदानमा उतारे पनि जितका निर्णायक गोल गर्न सकेन । यसअघि एट्लेटिको मड्रिडसँगको खेलमा २ गोल गरेका एम्बुमोले पिएसजीसँगको खेलमा पनि गोल गरेका हुन् ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## सुन तोलाको तीन लाख नाघ्यो




**पाल्पा,** साउन २४/ स्थानीय बजारमा सुन तोलाको तीन लाख नाघेको छ । आइतबार चार हजार ८ सयले वृद्धि भएसँगै प्रति तोला तीन लाख एक हजार ७ सय पुगेको हो ।

शुक्रबार तोलाको २ लाख ९६ हजार ९ सय कायम भएको थियो । आइतबार तोलामा ४ हजार ८ सयले बढेको हो । चाँदीको मूल्य पनि बढेको छ । शुक्रबार ४ हजार ५ सय ८० प्रतितोला कारोबार भएको चाँदीको मूल्य वृद्धि भई आइतबार ४ हजार ६ सय ४५ पुगेको छ । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा आइतबार सुनको मूल्य प्रतिऔँस चार हजार ३ सय ४३ र चाँदीको मूल्य प्रतिऔँस ६३ अमेरिकी डलर कायम भएको छ ।


## इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई